# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३७ | अंक ३१२ | बुटवल | २०८२ मंसिर ०६ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday November 22, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## एनपीएलः सुदूरपश्चिमको लगातार दोस्रो जित



बुटवल । सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल)मा सुदूरपश्चिम रोयल्सले लगातार दोस्रो जित दर्ज गरेको छ। कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शुक्रबार साँझ भएको खेलमा सुदूरपश्चिमले पोखरा एभेन्जर्सलाई १८ रनले पराजित गरेको हो । सुदूरपश्चिमले दिएको १९४ रनको लक्ष्य पछ्याउने क्रममा पोखराले आठ विकेटको क्षतिमा १७५ रन बनाउन सक्यो ।

पोखराले लगातार दोस्रो हार व्यहोरेको दिन सुदूरपश्चिमले भने एनपीएलमा लगातार दोस्रो जित दर्ता गरेको हो । यो जितसँगै चार अंक बनाएको सुदूरपश्चिम अंक तालिकाको शीर्ष स्थानमा उक्लेको छ। पोखरा भने अंक तालिकाको पुछारमा झरेको छ। पोखराका लागि कप्तान कुशल भुर्तेलले बनाएको ५३ रन नै सर्वाधिक रह्यो । ३२ बलमा चार चौका र चार छक्काको सहयोगमा ५३ रन बनाउँदा स्कट कुग्लेजिनको बलमा बोल्डआउट भए।

त्यस्तै, २५ बलमा दुई चौका र पाँच छक्का सहयोगमा ४७ रन बनाएका जिम्मी निसम पनि दीपेन्द्रसिंह ऐरीको बलमा बोल्ड आउट भए। डान डाउथवेटले ३७ रन थपे। उनले १६ बलमा एक चौका र पाँच छक्का प्रहार गरे। पोखराका अन्य ब्याटरले दोहोरो अंक छुन सकेनन्।

सुदूरपश्चिमका हरमित सिंहले दुई विकेट लिए । उनले आफ्नो स्पेलमा २२ रन दिए। स्कट कुग्लेजिन, दीपेन्द्रसिंह ऐरी, हेमन्त धामी, अविनास बोहरा र नरेन साउँदले एक-एक विकेट लिए।

» बाँकी ३ पेजमा

## लुम्बिनी विकास कोषको सदस्य सचिवमा श्रेष्ठ

बुटवल । सरकारले लुम्बिनी विकास कोष, लुम्बिनी विकास परिषद्को सदस्यसचिवमा गोरखाका दीपक श्रेष्ठलाई नियुक्ति गरेको छ।

शुक्रबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकले यो निर्णय गरेको हो।

बैठकपछि सरकारका निर्णयहरु सुनाउँदै सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले यसबारे जानकारी दिएका हुन् । स्थानीयले भने सदस्य सचिवको नियुक्ति खुल्ला प्रतिस्पर्धाबाट हुनुपर्ने माग गर्दै आएका थिए।

## एमालेको ‘युथ भोलेन्टियर फोर्स’ घोषणा

बुटवल। नेकपा एमालेले युवा दस्ता ‘युथ भोलेन्टियर फोर्स’ को केन्द्रीय कमाण्ड घोषणा गरेको छ। काठमाडौंको माइतीघरस्थित कार्की बान्क्वेटमा आयोजित कार्यक्रममा एमाले जनसंगठन समन्वय संयन्त्रका संयोजक भानुभक्त ढकालले ११ सदस्यीय केन्द्रीय कमाण्डर घोषणा गरेका गरको हुन्।

केन्द्रीय कमाण्डरको प्रमुखमा पुष्पराज श्रेष्ठलाई तोकिएको छ। २०७५ अघि माओवादी केन्द्रको वाइसीएलमा आबद्ध उनी नेकपा विभाजनपछि एमालेमै रहेका थिए। श्रेष्ठमाथि विभिन्न आपराधिक गतिविधिमा संलग्न भएको अभियोग लागेको थियो। उनी रामबहादुर थापा गृहमन्त्री हुँदा उनीसँग नजिक रहेर आर्थिक उपार्जनमा लागेको जानकारहरु बताउँछन्।

## तस्करी रोक्न सीमामा बढाइयो संयन्त्र

# ७ महिनामा झण्डै २३ करोडको अवैध सामान नियन्त्रण



**मोहम्मद हबिब**

*भैरहवा*

रूपन्देहीको दक्षिणी क्षेत्र भारतसँग ७० किलोमिटर खुला सीमासँग जोडिएको छ। सीमा सुरक्षा र अवैध गतिविधि नियन्त्रण गर्न सशस्त्र प्रहरीको जिम्मेवारी छ भने नेपाल प्रहरीको पनि ठूलो टिम नियमित कामसँगै अवैध बस्तुको ओसारपसर नियन्त्रणमा लाग्ने गरेको छ। तस्करी न्यून पार्ने अभियानमा लागेको सुरक्षानिकायले दैनिक जसो अवैध सामान बरामद गरे पनि तस्करहरु पछि हटेका छैनन् । सुरक्षाकर्मीले बरामद गरिरहेको अवैध बस्तुले नै तस्करी नरोकिएको पुष्टि हुन्छ। तस्करी रोक्नकै लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र भन्सार गस्ती टोलीको ठूलो जनशक्ति परिचालन भएपनि खुला सिमाको फाइदा उठाउँदै विभिन्न नाकाबाट अवैध ओसारपसार गरिरहेका छन्।

यस वर्षको तथ्याङ्क हेर्ने हो भने जिल्लामा सशस्त्र प्रहरी र नेपाल प्रहरीले २२ करोड ८८ लाखको अवैध सामान बरामद गरेका छन्। जिल्ला प्रहरी कार्यालय रुपन्देहीको कमाण्ड प्रहरी उपरीक्षक प्रदिपबहादुर क्षेत्रीको जिम्मामा छ भने सशस्त्र प्रहरी बल नेपाल नं. २७ गण हे.क्वा. रुपन्देहीको कमाण्ड सशस्त्र प्रहरी उपरीक्षक मेखराज जोशीले सम्हालिरहेका छन् । रुपन्देहीको नेतृत्व सम्हालेदेखि नै दुई एसपी तस्करहरुसँग निर्मम बनेसँगै यो सफलता हासिल भएको उनीहरुको दाबी छ। कमाण्डरले तस्करविरुद्ध अभियान नै चलाई सीमाबाट हुने अवैध कारोबारलाई रोक्न कडा रुपमा प्रस्तुत भएकोले नै प्रत्येक महिना लाखौंको अवैध सामान बरामद भइरहेको हो । एसपीको एक्शनले तस्करहरु हच्किए पनि केही सुरक्षाकर्मीको संलग्नताले आँखा छलेर काम गर्ने प्रसय मिलेको छ। कतिपयले तस्कर पेशा नै छाडेका छन् भने कतिले अन्य नाकाबाट पर्ख र हेर भन्नेमा छन्। मौलाउँदै गरेको तस्करीलाई रोक्न सबै युनिट इन्चार्जहरुलाई निर्देशन दिएको दुबै एसपीको भनाइ छ।

प्रहरीले अवैध सामान बरामद निरन्तर गरे पनि तस्करी भने रोकिएको छैन। सुरक्षा निकायको सीमित साधन स्रोत र जनशक्तिले अधिकतम काम गर्दा पनि खुला सीमाको फाइदा उठाउँदै तस्करहरुले संगठित रुपमै आँखा छलेर तस्करी गरिरहेका छन्। विभिन्न चौकी र चेकपोस्ट पार गरी बजारमा आएको भारीमात्रामा अवैध सामान पनि सुरक्षा निकायले बरामद गरेको छ। भदौ २३ र २४ गते भएको घटनाले प्रहरीको केही मनोबल घटेकोले यो तथ्याङ्क अझै बढ्ने अपेक्षा सुरक्षा निकायको थियो।

जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कअनुसार बैशाखदेखि कार्तिकसम्म १४ करोड १३ लाख १६ हजार बराबरको अवैध सामान नियन्त्रण लिएको छ। यस्तै सशस्त्र प्रहरीले पनि ७ महिनामा ८ करोड ६८ लाख ८६ हजारको अवैध सामान बरामद गरेको छ।

**प्रस्तुत छ द्वय निकायको मासिक तथ्याङ्क।**

स्रोतः सुरक्षा निकाय (इकाई हजारमा)

| निकाय/महिना | बैशाख | जेठ | असार | साउन | भाद्र | असोज | कार्तिक |
|---|---|---|---|---|---|---|---|
| नेपाल प्रहरी | ५५६० | २९७६५ | २४४९६ | २१७८७ | ३४७८७ | ८९२४ | १५९९३ |
| सशस्त्र | १४४४८ | ९४६२ | १४२०७ | १३४३० | १३३३६ | १०५१२ | ११४८८ |

तथ्याङ्कअनुसार पछिल्लो सात महिनामा सरदर मासिक ३ करोडको अवैध सामान द्वय सुरक्षा निकायले बरामद गर्ने गरेको पाइएको छ। यो तथ्याङ्क विगतको महिनाभन्दा बढी हो । तस्करीमा संलग्न केहीलाई नियन्त्रणमा लिई मुद्दा पनि चलाइएको छ। यसको अलावा भैरहवा भन्सार कार्यालय, राजस्व अनुसन्धान र राजस्व कार्यालयले पनि अवैध तथा राजश्व छलीको निगरानी गरी नियन्त्रणमा लिने गर्छन्।

बरामद सामानमा सबैभन्दा बढी कपडा, मेसिनरी तथा इलेक्ट्रिक सामानहरु, चिनीलगायतको दैनिक उपभोग्य बस्तुहरु रहेका छन्। यसका अलवा कुखुरा चल्ला, पशु, मोबाइल, काठ, कस्मेटिक, खाद्यान्नलगायतका बस्तु र तस्करीका सामान बोक्नका लागि मोटरसाइकल र गाडीहरु पनि व्यापक रुपमा प्रयोग भएकोले त्यसलाई पनि नियन्त्रणमा लिएको छ।

सीमा क्षेत्र नजिक रहेका गल्लाभण्डारहरुले पनि धान, गहु र चामल अवैध रुपमा भित्र्याई बैध बनाउने गरेका छन्। पारिबाट ल्याएर गोदाममा राखेपछि स्थानीय उत्पादन बनाई खुला रुपमा नै ट्र्याक्टर पिकअपबाट शहरहरुमा पठाउने गरेका छन्। अहिले केही तस्करहरुले धानको सिजनको मौकामा स्थानीयसँग केही धान खरिद गरी पारिबाट ल्याएको खाद्यान्नलाई स्टक देखाउने मनसायले काम गरेका छन्।

पछिल्लो समय सीमा क्षेत्रबाट दैनिक जसो मटर, चिनी र कपडाको तस्करी भइरहेको छ । यस्तै तेस्रो मुलुकबाट नेपाल आएको बस्तु ड्राइ फ्रुटुस(खरबुजाको विया), पपकर्न मकै, अखरोटलगायतका बस्तु भारततर्फ गइरहेको छ । साना तस्करहरुले दुर्गौलिया, कदमहवा, बगौली, हरिनगढ, बंशी डिहवा, करौता, ठोठरी, तरैनी, खैराघाट, कञ्चनपुर, दुईमोहना, हर्दीडाली, बनगाई नाका त्यस्तै सेमरपानी, भुजौली, पिपरहिया, केवटिलया, शंकरपुर, मेउडिहवा, नौडिहवा, बगहा, मैनिहवा, फरेनियालगायतका नाकाबाट तस्करी गर्ने गरेका छन्।

» बाँकी ३ पेजमा

## विद्युतीय व्यापार ऐनमा धेरै सुधार जरूरी

# स्थानीय र प्रदेशले अनुगमन नगर्दा उजुरीको चाङ



भैरहवा । सरकारले विद्युतीय व्यापार ऐन २०८१ यस वर्षदेखि लागु गरे पनि धेरै सुधारको आवश्यकता रहेको उद्योगी व्यवसायीहरुले बताएका छन्। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको आयोजनामा लुम्बिनी प्रदेशमा रहेका उद्योगी, वाणिज्य क्षेत्रका प्रतिनिधि र विद्युतीय कारोबार इकमर्शसम्बन्धी व्यवसाय गरी रहेका प्रतिनिधिहरुसँग गरिएको अन्तर्क्रिया कार्यक्रममा बोल्दै सहभागीहरुले सरकारले विद्युतीय व्यापार ऐन २०८१ मा आयो र चैत्र ३ गतेबाट लागु भयो, यो अहिलेको आवश्यकताअनुसार आए पनि धेरै संशोधन गर्नुपर्ने बताए। ऐन त आयो यसमा धेरै सुधार गर्न जरुरी छ, त्यसका लागि सूचीकरण गर्नुपर्छ। ऐनलाई कार्यान्वयन गर्न निर्देशिकामा निजी क्षेत्रको राय सुझावसहितको कानुन बन्नुपर्ने उनीहरुले बताए।

कार्यक्रममा बोल्दै विभागका महानिर्देशक रोशन ज्ञवालीले संघीयता पछि प्रदेश र स्थानीय सरकारलाई अनुगमन र नियमनको अधिकार दिएको छ, तर जिम्मेवारीपूर्वक नगर्दा संघीय अनुगमनको विषय सबै सरकार र निकायलाई छ, तर अधिकार हुँदा पनि अनुगमन सक्रियता नदेखाउँदा दैनिक रुपमा विभागमा उजुरी र गुनासोको चाङ थपिने गरेको बताए । अनुगमन र नियमनले धेरै सुधार हुने हुँदा अधिकार प्राप्त निकायले प्रभावकारी रुपमा लैजानु पर्ने उनले जनाए। उनले इकमर्श ऐनमा निर्देशिका मार्फत सबैको राय सुझाव संकलन भइरहेको अफ्ठ्यारा परेका विषयमा सुझाव र समस्या समाधान गरी आवश्यकताअनुसार परिवर्तन, संशोधन गरिने बताए। राज्यकोतर्फबाट केही कमजोरी छन्, त्यसलाई सुधार गर्ने पक्षमा विभाग रहेकोले सबैलाई उचित सुझाव दिई सबै पक्षमा राज्यको कमजोरी नठान्न उनले आग्रह गरे।

‘ई-कमर्श नयाँ ट्रेण्ड हो, आवश्यकता हो, चाहेर/नचाहेर यसलाई स्कीप गर्न सकिंदैन,’ महानिर्देशक ज्ञवालीले भने-‘हाम्रा केही निश्चित दायित्व पूरा गर्नुपर्छ। ईकमर्शका माध्यमबाट ठगिने घटना बढेको छ।’ उनले व्यवसायी र उपभोक्ताका कमजोरीका कारण मात्र नभइ दुवैको कमजोरी रहेको बताउँदै यसका लागि दुबै पक्ष सचेत हुनुपर्ने बताए।

उपभोक्ता संरक्षण ऐनले मूल्य निर्धारणको मापदण्ड तयार गर्नुपर्ने भने पनि त्यो अहिलेसम्म तयार हुन सकेको छैन। विभिन्न समयमा विभिन्न प्रयासहरु भएता पनि मूल्य कसरी निर्धारण गर्ने भन्ने अनुत्तरित प्रश्न भएकोले मुलुकभित्रै उत्पादन भएका वस्तुलाई अर्को जिल्लामा बिक्री गर्दा एमआरपी राख्न समस्या नहुने उल्लेख गरे। कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्ष कूलप्रसाद न्यौपानेले नियमन दण्ड नै नभई उत्प्रेरकको रुपमा प्रस्तुत हुने हुँदा अनुगमन एकद्वार प्रणालीबाट गर्नुपर्नेमा जोड दिए । बढी जरिवाना तिराउनु नै समस्याको समाधान नभएकोले एउटै प्रतिष्ठानमा सबै तहको अनुगमन पुग्दा व्यवसायीलाई समस्या पर्ने हुँदा नियामक निकायको समन्वयमा अनुगमन हुन जरुरी रहेको बताए । अनुगमन जाँदा सटर खोलेर बस्ने वातावरण बनाउनु पर्ने बताए

सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीका अध्यक्ष नेत्रप्रसाद आचार्यले एमआरपीको विषयमा उपभोक्तालाई नठगिने हिसाबले छलफल गर्न जरुरी रहेको जनाए । ‘विभागको झन्झटिलो प्रक्रियालाई अब अनलाइनको माध्यमबाट सहजीकरण गर्न जरुरी रहेको छ। मुलुकमा सेतो मटर आयात नै भएको छैन, तर बजारमा छ्यापछ्याप्ती छ । आवश्यकता छ, तर कसरी कहाँबाट आयो यस्मा अनुगमन गर्नुपर्छ।’-उनले भने।

बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, उपभोक्ताहित संरक्षण मञ्च नेपालका केन्द्रीय उपाध्यक्ष तेजकुमार पाठकलगायतले बोल्दै नियमनकारी संयन्त्रलाई बलियो बनाई वैद्य व्यापारलाई प्रोत्साहन गर्नुपर्ने, स्वच्छ वातावरणमा बस्न पाउने अधिकार कुण्ठित गर्न नहुने, उपभोक्ता अनलाइन खरिदबाट ठगी बढेकोले यसलाई सुधार गर्नुपर्ने, वाणिज्य कार्यालयलाई सुद्धिकरण र छिटो छरितो बनाउन अनलाइन प्रणालीमा लानु पर्ने बताए।




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ मंसिर ०६ गते, शनिबार

तपाईंका लागि...

## बिट्विन द लाइन्स्...

केटाकेटीका स्मृतिमा
अब सबैभन्दा ताजा छन्
कतार, मलेसिया, साउदी अरब, कोरिया अब
आमाहरू सुनाउँछन् आफ्ना सन्तानलाई
दोहा र दुबइका कथाहरू
सियोल र क्वालालम्पुरका गीतहरू
दराजमा थन्किएर पुराना किताब जस्तै
थन्किएका छन् ।
प्रिय लोरी र दन्त्यकथाहरू ।
– अमर गिरी
(‘दुःखको विम्ब’ कविताबाट)

**दर्शन संवाद**

# दर्शन र दर्शनका प्रमुख क्षेत्रहरू

**गोपीरमण उपाध्याय**

*(सन् २००२ देखि युनेस्कोले नोभेम्बर महिनाको तेस्रो बिहीबारलाई ‘विश्व दर्शनशास्त्र दिवस’ मनाउन सुरु गऱ्यो । युनेस्कोले दर्शनशास्त्र दिवस मनाउनुलाई विश्वका विभिन्न संस्कृतिमा विद्यमान दार्शनिक*

*अवधारणाहरूको सम्मान गर्नु रहेको उल्लेख गरेको छ । त्यसैगरी दर्शनशास्त्रले सहिष्णु र सम्मानजनक समाजको निर्माणमा भूमिका खेल्ने विश्वास राखेको छ । दर्शनशास्त्रलाई महत्त्व दिने युनेस्कोको यो*

*प्रयत्नलाई अंगीकार गर्दै सन् २०२५ को ‘विश्व दर्शनशास्त्र दिवस’को अवसरमा पाहुरमा हामी दर्शन विशेष स्तम्भ ‘दर्शन चर्चा’ शुरु गरिएको छ । यो स्तम्भ दर्शनसँग सम्बन्धित रचनाहरू प्रकाशित हुँदै जानेछ । विज्ञ पाठकहरूबाट यो स्तम्भका लागि लेख, रचना, सुझाव र सल्लाहको लागि हार्दिक अनुरोध छ ।)*




दर्शन भनेको सामाजिक एवं व्यवहारिक चेतनाको सर्वोच्च अभिव्यक्ति हो, केवल बौद्धिक विलास होइन । मानिसले आफ्नो जीवनमा अनेकौं प्रकारका प्रयोग परीक्षण र तिनका अनुभवहरूको निष्कर्षका रूपमा एउटा ठोस विचारधारा अगाडि सार्छ । त्यसैले दर्शन भनेको मानिसको व्यवहारका रूपमा भए गरेका क्रियाकलापहरूको एउटा सुसङ्गठित उच्चतम निष्कर्ष हो । जीवन र जगत्का सम्बन्धमा हेर्ने, बुझ्ने, तथ्य सङ्कलन गर्ने एवं तदनुसार आचरण गर्ने दृष्टिकोण दर्शनमा रहेको हुन्छ । दर्शनले एउटा खास युगको चिन्तनलाई प्रतिनिधित्व गरेको हुन्छ । ‘हरेक साँचो दर्शन आफ्नो समयको बौद्धिक सार हो’ ।यसरी दर्शनका सम्बन्धमा विचार विमर्श गर्दा दर्शन भनेको कुनै पनि समयको अर्थात् युगको बौद्धिक सारतत्त्व मानिन्छ । युगको बौद्धिक सारतत्त्व भएका हुनाले युग के हो त भन्ने कुरा स्वतः उब्जिएको हुन्छ ।

दार्शनिक परिभाषामा ‘आफ्नो समय’ भनिएता पनि त्यसको अर्थ युग नै हो । युग भनेको के हो ? भन्ने विषयमा राजनीतिक शब्द परिचयमा भनिएको छ– ‘एक प्रकारका उत्पादनका साधनहरू, उत्पादक शक्ति र उत्पादन सम्बन्ध कायम भएको समयको अन्तराललाई युग भन्दछन् । जस्तै आदिम साम्यवादी युग, दासयुग, सामन्तवादी युग, पुँजीवादी युग तथा समाजवादी युग’ ।

यहाँनिर एउटा प्रश्न स्वतः उठ्छ– जब उत्पादन पद्धतिका आधारमा युगहरूको निर्धारण हुन्छ र युग अनुसारका भिन्नाभिन्नै उत्पादन पद्धतिहरू हुन्छन् भने ती युग अनुरूपका दार्शनिक चिन्तनहरू पनि अवश्य नै हुने भए । त्यसै अनुसारका युग र तिनका दर्शनहरूको अवस्थिति कुन प्रकार रहेको छ ?

**तालिका नं.** (१)

**समाज विकासको युग अनुरूप दर्शनको विकासक्रम**

| क्र.सं. | युगहरू | प्रमुख दार्शनिक धाराहरू | प्रतिद्वन्द्वी विचारधारात्मक सङ्घर्षका रूपहरू |
|---|---|---|---|
| १ | आदिम साम्यवादी युग | प्राकृतिक भौतिकवाद | प्राकृतिक वस्तुहरूको पूजा गणचिन्ह, जादु, दर्शन र धर्मको आदिमरूप । |
| २ | दासयुग | बहुदेवतावाद दासगण-राज्यहरूमा दास मालिक नै देवता भन्ने धारणा | चार्वाक दर्शन, जैन र बौद्ध दर्शनहरू । |
| ३ | सामन्तवादी युग | एकेश्वरवाद | विशिष्ट भौतिकवादी चिन्तनहरू साङ्ख्य, वैशेषिक र न्याय, सत्कार्यवाद, कारणतावाद आदि । |
| ४ | पुँजीवादी युग | यान्त्रिक भौतिकवाद | सर्वेश्वरवाद, भद्दाभौतिकवाद र अस्तित्ववाद |
| ५ | समाजवादी युग | वैज्ञानिक भौतिकवाद | सर्वेश्वरवाद, यान्त्रिक भौतिकवाद र अस्तित्ववाद । |

अर्धसामन्ती-अर्धऔपनिवेशिक युग चरित्र भएको नेपाली समाजमा बहुदेवतावाद, एकेश्वरवाद, यान्त्रिक भौतिकवाद, भद्दा भौतिकवाद, अस्तित्ववाद आदिसँग वैज्ञानिक भौतिकवाद अर्थात् मार्क्सवाद-लेनिनवादको वैपरीत्य कायम छ । हाम्रो समाजमा प्रचलित दार्शनिक चिन्तनहरूमा प्राकृतिक भौतिकवाददेखि आधुनिक भौतिकवादसम्मका अनेक रूप देखिन्छन् ।

मानव समाजको विकासक्रम विविधतायुक्त पाँच तहमा रहेको छ र आजसम्मको मानव समाज विगतका मानव समाजकै अविच्छिन्न धारा हो । मूलतः पाँच युगमा यसका दार्शनिक चिन्तनहरूको पनि त्यस्तै प्रकारको अविच्छिन्नधारा रहेको छ । विगतको जीवन पद्धति अविकसित, दुरुह एवं कष्टसाध्य रह्यो भने उत्तरोत्तर प्रगति गर्दै गएको वर्तमान समाजले मानव जीवन पद्धतिलाई विकसित र सहज तुल्याइदिएको छ । अहिले जे जति वैज्ञानिक उपलब्धिहरू हासिल भएका छन् ती सबैले मानवको उच्चतम मङ्गल-कल्याणका निम्ति काम गर्नुपर्ने हो तर समाजमा विद्यमान वर्गीय शोषणले त्यसको दुरूपयोग भइरहेको छ । मानवीय उपलब्धिका रूपमा रहेका समस्त वैज्ञानिक आविष्कारहरू कहीँ मानवताकै संहारका लागि प्रयोग हुने त होइनन् भन्ने अवस्था सिर्जना भएको छ । त्यसकारण वर्तमान युगको चरित्र एवं त्यसको उच्चतम बौद्धिक सार वैज्ञानिक भौतिकवादको सिर्जनात्मक प्रयोगले निश्चित रूपमा वर्तमान युगको अन्तर्विरोध समाजवाद र साम्राज्यवादका बीचको अन्तर्विरोध समाधान गर्नेछ । आधुनिक दार्शनिक चिन्तनको मुख्य सार पनि यही हो ।

**दर्शनका प्रमुख क्षेत्रहरू**

कुनै पनि दार्शनिक प्रणाली एवं त्यसको विधिका ३ वटा पक्षहरू हुन्छन् । १. सत्ताशास्त्र अर्थात् तत्त्व मीमांसा २. ज्ञानशास्त्र अर्थात् ज्ञानमीमांसा ३. नीतिशास्त्र अर्थात् आचार मीमांसा । कुनै पनि दार्शनिक चिन्तन एवं विधिले यो सत्ताशास्त्र अर्थात् तत्त्वमीमांसाको क्षेत्र हो, यो ज्ञानमीमांसाको क्षेत्र हो र यो आचार मीमांसाको क्षेत्र हो भनेर प्रस्तुत गरेकै हुन्छन् । जब यी विषयहरूमा गम्भीरतापूर्वक विचार विमर्श हुँदैन, तबसम्म यसमा कुन सत्ताशास्त्रको पक्ष हो, कुन ज्ञानशास्त्रको पक्ष हो र कुन आचार शास्त्रको पक्ष हो भन्ने कुरा स्पष्ट नहुँदा धर्म र दर्शन दुवै एउटै हुन् भन्ने भ्रम उत्पन्न हुन जान्छ । कुनै दार्शनिक प्रणालीले सत्ताशास्त्रको चर्चा विस्तारपूर्वक गरेको छ भने कुनैले ज्ञानशास्त्रका सम्बन्धमा बढी चर्चा गरेको पाइन्छ । त्यस्तै गरी कुनै दार्शनिक प्रणालीले आचारशास्त्र र यसको विश्लेषणमा बढी चर्चा गरेको देखिन्छ । तर सबै किसिमका दार्शनिक प्रणाली एवं विधिहरूमा कुनै न कुनै रूपमा तत्त्वशास्त्र, ज्ञानशास्त्र र आचारशास्त्रको मीमांसा रहेकै हुन्छ । त्यसमा कुनै दार्शनिक प्रणालीमा तत्त्वमीमांसा प्रचूरमात्रामा रहेको हुँदा त्यसको ज्ञानमीमांसा र आचारमीमांसामा कम प्रकाश पारिएको जस्तो देखिएको हो । जस्तो उदाहरणका लागि प्राकृतिक भौतिकवादी दर्शनमा सत्ता अर्थात् प्राकृतिक तत्त्वको चर्चा बढी देखिन्छ । त्यसमा ज्ञान र आचार मीमांसाको चर्चा कमै मात्रामा रहेको छ । त्यस्तै गरेर मीमांसा दर्शनमा सबभन्दा बढी आचारशास्त्रमा ध्यान केन्द्रित गरिएको छ, तत्त्वमीमांसामा कम चर्चा छ । न्याय दर्शनमा तत्त्वशास्त्रका बारेमा थोरै मात्र प्रस्तुति रहेको देखिन्छ भने ज्ञानशास्त्रका क्षेत्रमा अत्यन्त विस्तृत विवेचना भएको छ । वास्तवमा न्याय दर्शनको सत्ता मीमांसालाई उसको ज्ञान मीमांसाले निकै ओझेलमा पारिदिएको छ । हाम्रो नेपाली समाजको दार्शनिक विद्वत् परम्परामा दर्शन सम्बन्धी अध्ययन, लेखन, व्याख्यान र प्रशिक्षण कार्य अलि पातलो हुने गरेको छ ।

त्यसमा पनि खास गरेर भौतिकवादी दर्शन सम्बन्धी अध्ययनको प्रणाली अझै पनि स्थापित हुन सकेको छैन । समाजमा प्रचलित दार्शनिक प्रणालीहरूमा वैचारिक द्वन्द्वात्मकता रहेको देखिन्छ । तर यसमा वैचारिक द्वन्द्वको मुख्यकारण सामाजिक जीवन पद्धतिको प्रतिबिम्बन हो भन्नेतर्फ कमैले ध्यान दिएको पाइन्छ । हामीले मान्दै र सुन्दै आएका दार्शनिक प्रणालीहरूलाई एकै प्रकारको आदर्शवादी कोणबाट मात्र बुझ्ने र व्याख्या गर्ने पद्धति प्रचलित छ । त्यस्तो आदर्शवादी आवरण भित्ररहेको भौतिकवादी चिन्तनधारालाई शृङ्खलाबद्ध रूपमा व्यवस्थित अध्ययन गरेर प्रस्तुत गर्नु निकै अप्ठेरो काम हो । तर पनि दर्शनका मुख्य ३ पक्ष सत्ताशास्त्र, ज्ञानशास्त्र र आचारशास्त्रलाई यथोचित रूपमा प्रकाश पार्ने प्रयत्न गरिएको छ ।

खास गरेर मानव जातिका चिन्तनमा रहेको भौतिकवादी धारा र द्वन्द्वात्मक प्रणालीको अविच्छिन्न परम्परालाई नियाल्दै सत्ता मीमांसा, ज्ञान मीमांसा र आचार मीमांसामा रहेको अन्तर्घुलन दर्शाउने प्रयत्न यसमा गरिएको छ । जुनसुकै दार्शनिक प्रणालीमा रहेको सत्ता मीमांसालाई एउटै शृङ्खलामा एकत्रित पारेर विश्लेषण गर्ने हो भने त्यसले जीवन र जगत्का बारेमा गरेका विश्लेषण, तर्क र युक्तिहरूमा तत्त्व अर्थात् पदार्थको अस्तित्त्व नै प्राथमिक हो र त्यसबाट उत्पन्न ज्ञान र आचारको पक्ष दोस्रो हो भन्ने बुझिन्छ । खास गरेर आचार एवं ज्ञानको पक्षलाई धार्मिक चिन्तनले बढी प्रभावित पारेको हुँदा त्यसमा पदार्थको विश्लेषण-पक्ष निश्चित रूपमा पछाडि परेको देखिन्छ ।

उदाहरणका रूपमा– मीमांसा दर्शनको विशेष रुचि वैदिक कर्मकाण्डमा रहेको देखिन्छ । जैन र वेदान्त दर्शनलाई आज पनि जीवित धार्मिक दर्शन भनेर मानिन्छ । यस्तो परिप्रेक्षमा दार्शनिक ज्ञानका तत्वहरू पदार्थको सत्ता मीमांसा र अदार्शनिक तत्वहरू ज्ञान र आचार (धर्म) मीमांसा एक आपसमा अन्तर्घुलन भएर दर्शनको मूलपक्ष ओझेल परेको देखिन्छ । सत्ताशास्त्र ज्यादै सुस्पष्ट एवं विस्तृत छ । त्यस्तै ज्ञानशास्त्र र आचारशास्त्र पनि उत्तिकै विस्तृत रूपमा रहेको छ । यस परिप्रेक्ष्यमा सबै दर्शनमा तत्त्वशास्त्रको स्थिति कुन रूपमा रहेको छ भन्ने विषयलाई शृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्दा भौतिकवादी दार्शनिक प्रणालीको चित्र हाम्रा सामु छर्लङ्ग हुन्छ ।

पूर्वीय दार्शनिक परम्परामा यस्ता प्रकारले पदार्थ विवेचना (तत्त्वशास्त्र) प्रमाण विवेचना (ज्ञानशास्त्र) र व्यवहार विवेचना (आचारशास्त्र) का बीचमा परस्पर सम्मिलनको मुख्य कारण दर्शनको उद्देश्यका बारेमा विवेचना गर्ने सन्दर्भमा उपस्थित समस्या हो । जुन समयमा दर्शनले भर्खर जीवन र जगत्का बारेमा खोजी गर्ने, तार्किक ढङ्गबाट वस्तुको विवेचना गर्ने प्रयास गरिरहेको अवस्था थियो त्यस अवस्थामा दर्शन बढी जिज्ञासु रह्यो । त्यस बेलाको दर्शन एवं दार्शनिक प्रणालीलाई प्राकृतिक भौतिकवाद मानिन्छ । उसले आफ्नो सामुन्ने रहेका तमाम प्रकारका घटना एवं परिघटनाहरूलाई आफ्नै ढङ्गबाट प्रकृतिमाथि आधारित भएर उत्तर दिने प्रयास गऱ्यो । अव्यक्त प्रकृतिबाट व्यक्त चेतनाको उत्पत्तिका सम्बन्धमा छान्दोग्य उपनिषद्ले यसरी प्रस्ट पारेको थियो–

‘पहिल्यै यहाँ असद् अर्थात् अचेतन जड थियो, त्यसबाट पछि गएर सद्चेतनको उत्पत्ति भयो । सबभन्दा पहिले त यहाँ असद् अचेतन जडवस्तु या पदार्थ नै थियो त्यसैबाट सद्चेतन वस्तु अर्थात् जीवको उत्पत्ति भयो । त्यो पहिल्यै अण्डका रूपमा थियो ।

योभन्दा प्रस्ट भौतिकवाद के हुनसक्छ । वास्तवमा यो प्राचीन कालको भौतिकवादी विचारको नमूना हो । समाज विकासका क्रममा जब जब व्यक्तिगत सम्पत्तिको प्रादूर्भाव भयो त्यसपछि त्यसको सुरक्षाका लागि राज्यसत्ता- (जेल, पुलिस, न्यायालय, दण्ड-विधान, कानून आदिको समष्टिगत रूप) को उत्पत्ति भयो । पुरानो वर्ग विहीन समाज वर्गीय समाजमा रूपान्तरित भयो । यसो हुँदा दर्शन जस्तो मानवीय आधारभूत चिन्तनमा पनि विभाजन भयो र एउटा दर्शन मुख्यतया प्रत्ययवाद अर्थात् चेतना प्रधान चिन्तनका रूपमा विकसित भयो भने अर्को दर्शन भौतिकवाद अर्थात् पदार्थ प्रधान चिन्तनका रूपमा विकसित भयो । जसरी आजसम्मको वर्ग सङ्घर्षको इतिहासमा दुई वर्गका बीचमा अन्तर्सङ्घर्ष हुँदै आयो, त्यसरी नै वैचारिक क्षेत्रमा पनि भाववाद र भौतिकवादका बीचमा अनवरत सङ्घर्ष हुँदै आएको छ ।

‘सबै दर्शनहरूमा खास गरेर प्राचीन दर्शनको महान् र मूलभूत प्रश्न भनेको चेतना अर्थात् चिन्तन र अस्तित्त्व अर्थात् पदार्थसँग सम्बन्धित विषय हो । यसै विषयको उत्तर दिने प्रसङ्गमा दार्शनिकहरू दुई शिविरमा बाँडिएका छन् । जसले प्रकृति अर्थात् पदार्थभन्दा चेतना अर्थात् भावनालाई प्रमुख ठान्दछन्, यिनीहरू आदर्शवादी अर्थात् प्रत्ययवादी पक्षमा उभिएका हुन्छन् भने जसले प्रकृति अर्थात् पदार्थलाई प्राथमिक तत्त्व र चेतना अर्थात् भावनालाई गौण ठान्दछन्, तिनीहरू भौतिकवादी पक्षमा पर्दछन् । कतिपय अवस्थामा सत्ता मीमांसा अर्थात् पदार्थको प्रधान स्वरूपलाई स्वीकार गरे पनि व्यवहारिक रूपमा तिनै दर्शन भाववादका रूपमा परिणत हुन पुगेको अवस्था पनि भेटिन्छ । तर पनि भौतिकवाद र प्रत्ययवाद दुईवटा दार्शनिक शिविर हुन् । यिनमा वर्गीय पक्षधरता रहेको हुन्छ । आध्यात्मिक प्रत्ययवादी दर्शनलाई उपल्लो वर्गले पछ्याएको हुन्छ भने द्वन्द्वात्मक भौतिकवादी दर्शनलाई समाजको तल्लो वर्गले आधारभूत चिन्तनका रूपमा अवलम्बन गरेको हुन्छ । त्यसैले दर्शनमा पक्षधरताको अवस्था पैदा हुन्छ ।

*(नेपाल प्रज्ञा-प्रतिष्ठानबाट प्रकाशित उपाध्यायको कृति ‘प्राकृतिक भौतिकवाद’बाट सामान्य सम्पादनसहित साभार)*

**अनुदित कविता**

## शायद हामीलाई मौका छ

**पाब्लो नेरूदा**

सायद हामीलाई अझै मौका छ
बस् “अस्तित्वमा रहन”
र न्यायिक हुन् ।
हिजो राति
सत्य अकालमै मरेर गयो–
एकदमै बेमौसम मृत्यु ।
यसो त सबैलाई यो ज्ञान छ
तैपनि सबका सब स्वाङ पार्छन्
मानौ ती बेखबर छन् ।
कोही श्रद्धा सुमनसम्म चढाउँदैन ।
उ त मरि नै सक्यो
तै पनि कसैले एक तुर्को आँसु झार्दैन ।
समाधिस्त गर्नुभन्दा थोरै अघि
सायद वेदना र विस्मृतिको बिचमा
हुनसक्छ हामीलाई थोरै मौका होस्
मृत्यु र जीवनको दोसाँधमा
यो गल्लीदेखि त्यो गल्लीसम्म
यो समुद्रदेखि त्यो समुद्रसम्म
यस बन्दरगाहबाट उस बन्दरगाहसम्म
यस पहाडबाट उस पहाडसम्म
यी सब भन्दा पनि अझ राम्रो त
मान्छे मान्छे छेउ पुगेर जाँच्न सकियोस्
सत्यको घात कसले गऱ्यो ?
हामीले ?
अन्य कसैले ?
शत्रुहरूले ?
कि हाम्रै प्रेमले अपराध जन्मायो ?
सत्यको घात त भई नै सकेको छ
अब त हामीलाई इन्साफ मन पर्नु पर्ने हो !
पहिले हामी लडिरहन्थ्यौँ
सन्देहास्पद हतियार लिएर,
आफैँ घाइते बन्दै ।
हामी भुसुक्क बिर्सन्थ्यौं -
हामी केका लागि लड्दैथ्यौ ।
हामी सदा बेजान थियौँ -
आखिर यो कसको खुन हो
जसले हामीलाई लपक्क ढाकेको छ ।
भएभरका आरोप हामीले अरुलाई लगायौं ।
नाना भांतिका लान्छना अरुले हामीलाई लगाए ।
उनिहरूले पनि दुःख झेले
हामीले पनि दुःखै झेल्यौं
आखिरमा उनिहरूले जिते
हामीले पनि जित्यौं ।
सत्यको अवसान त भई नै सकेको छ
मारकाट या जराजीर्ण भएर ।
अब गर्न बाँकी नै के छ र ? !
हामी सबैले जंग हारी सकेका छौं ।
यसैले म सोच्छु,
अब त हामी निस्पक्ष इन्साफ गर्न सक्दछौं
या कम्तिमा आफ्नो इमान जमान राख्न सक्छौं ।
हामीलाई यो अन्तिम मौका हो,
फेरि कहिल्यै यस्तो मौका न मिल्न सक्छ,
फर्केर न जुर्न सक्छ ।

(पाब्लो नेरुदा (१९०४ - १९७३) चिलीका महान कवि र कुटनीतिज्ञ हुन् ।)

*भावानुवाद : टंक कार्की*

## यादका बिस्कुन !

**डीबीजी**

वरमूनिको धारो
सातपत्रे जंगल
भूतेरह
अनि बाउन्ने खोल्सो छाडेर
बटौली झरेको थुप्रै हिउँद बिते ।
सिजनमा फँडेर र जमुना टिपेर
मुखै रङ्गाएर खाइन्थ्यो
फुटालेर बेल, बाँदर भइन्थ्यो !
टिपेर काँचा आँपहरू
पारेर पोका, बोरामा लुकाइन्थ्यो
मेरै कारण बेलौतीले बतिलामै सति जानू पर्थ्यो !
दसैंछेका काँक्रामा आँखाभन्दा अघि हात जान्थे
भोगटेहरू भोकका आहारा बन्थे !
अचेल यादका बिस्कुन सुकाउन मन लाग्छ मनभरि !
बटौली झरेपछि
बासेको छैन कालिज यता
न कराएका छन् बँदेल र दुम्सीहरू
बरु चिच्याउँदा रहेछन्-स्याल र फ्याउरा
उतिबेला ......!
खामेर हिंडेको हुँ सालको रुख
छामेर हिंडेको हुँ बोटधँयेरो
अनि थाकललाई थन्क्याएर पनि
सम्झिन्छु लाटोकोसेरा र ममा के अन्तर ?
तै पनि मनमा कुरा खेलिरहन्छन् -
सलिफा फल्दै होलान् र ?
चुँदाले दाइले गोल पोल्न छाडे कि ?
मभने सम्झिरहेछु जारकाटेको बढेमानको ढुङ्गो
सय वर्ष काटेको फलामे पुल
अनि चैते बाजेले पूजा गर्ने कालिका मन्दिर !
साँच्चिकै यादहरूले सताईरहेछ मलाई !

# कालानमक धानको जात लोप हुँदै



राँझा । बाँकेमा परम्परागत कालानमक धानको जात हराउँदै गएको छ । यहाँका किसान लगानीअनुसारको प्रतिफल नपाइएको भन्दै व्यावसायिक खेतीतर्फ उन्मुख हुँदै गएपछि यो जातको धान लोप हुँदै गएको हो । सिँचाइ र स्याहारसुसार बढी गर्नुपर्ने, रोग र कीराको प्रकोप बढी देखिने भएकाले कृषकहरू यसको साटो 'हाइब्रिड' धानतर्फ आकर्षित भएको कृषि ज्ञान केन्द्र बाँकेका सूचना अधिकारी वरिष्ठ बागवानी विकास अधिकृत सन्तोष पाठकले जानकारी दिए ।

उनका अनुसार उच्च तहका व्यक्तिदेखि पर्यटकहरूको रोजाइ भए पनि लागतअनुसार कम उत्पादन हुने भएकाले कृषकहरू कालानमक धानको साटो अन्य धान लगाउन थालेका हुन् । मसिनो र बास्नादार मानिने यो धान कालो भएकाले यसलाई कालानमक भनिएको हो । यो करिब १४० दिनमा तयार हुन्छ । "विगतमा बाँके र बर्दिया जिल्लामा यसको खेती हुन्थ्यो, तर अनेक प्रजाति निस्किएपछि किसान छोटो समयमा धेरै उत्पादन गरेर लाभ लिनतिर लागेँ", सूचना अधिकारी पाठकले भने-"कालानमकको खेती शून्य प्रायः भएपछि हाल यसको प्रवर्द्धन र प्रचारमा लागेका छौँ ।"

बाँकेमा यस वर्ष ३४ हजार १९० हेक्टर जमिनमा धानखेती हुँदा कालानमकलगायत परम्परागत जातको धानखेती क्षेत्र गणनामा नै छैन । परम्परागत कालानमक संरक्षणका लागि कृषि ज्ञान केन्द्रले कृषकस्तरमा प्रचारप्रसारको थालनी गरेको छ । कृषि अनुसन्धान परिषद् खजुराबाट प्राप्त गरेको बीउलाई बाँकेको बैजनाथ गाउँपालिका-८ टिटिहिरियामा प्रयोग गरेर यसको प्रचार गरिएको छ ।

पहिलाको कालानमक धानको बिउ धेरै अग्लो हुने र खेतमा ढल्ने समस्या भएकाले हाल होचो बिउ प्रयोगमा ल्याइएको परिषद्ले जनाएको छ । किसानले रासायनिक मल धेरै हाल्ने भएकाले ढल्ने समस्या देखिएको हुँदा युरिया, डिएपी र पोटासको सन्तुलित प्रयोग गर्न किसानलाई सल्लाह दिने गरिएको वरिष्ठ बागवानी विकास अधिकृत पाठकले बताए । कृषि ज्ञानकेन्द्रको सहयोग र समन्वयमा हाल बैजनाथ गाउँपालिका-८ टिटिहिरियाका किसान गङ्गानारायण चौधरीले एक हेक्टर क्षेत्रफलमा कालानमक धानको खेती गरिरहेका छन् । धान पाकिसकेकाले केही दिनमा भित्र्याउने तयारी गरिएको उनले जानकारी दिए । पाँच वर्षदेखि कालानमक र कुइनुर बासमती धानको खेती गर्दै आएका चौधरीले एक हेक्टर क्षेत्रफलमा करिब ३० क्विन्टल धान उत्पादन हुने अनुमान गरिएको छ । अन्य धान स्याहारी सकेकाले यतिबेला कालानमक धानमा चरा, मुसा र कीराको सङ्क्रमण बढेको उनको भनाइ छ । कालानमक चामल बिक्रीमा भने समस्या छैन । अन्य धानको मूल्य करिब रु तीन हजार ५०० क्विन्टल हुँदा कालानमक भने प्रतिक्विन्टल रु १० हजारमा बिक्री हुने गरेको छ । बजार माग पनि राम्रै रहेको चौधरीले बताए ।

यसको उत्पादनमा नै बढी खर्च लाग्ने भएकाले मूल्य महङ्गो परेको जनाइएको छ । यो धान असारमा रोपेपछि मङ्सिरको पहिलो साता मात्रै काट्न तयार हुन्छ । सिँचाइ पनि पर्याप्त चाहिन्छ । करिब छ महिनामा तयार हुने भएकाले यसमा रोग सङ्क्रमणको जोखिम हुन्छ । अन्य धान असोज-कात्तिकमा भित्र्याउँदा त्यहाँका पतेरा किरा कालानमकमा जाने र समस्या हुने गरेको कृषक चौधरीले जनाए ।

बाँकेमा किसानले रामधान, राधा–४, एमपी ६०, गोरखनाथलगायत 'हाइब्रिड' धान रोप्दै आएका छन् । मसिनो चामललाई प्रवर्धन गर्न खोजे पनि किसानले रुचि नदेखाएको कृषि ज्ञान केन्द्रका प्रमुख वरिष्ठ कृषि अर्थविज्ञ विनोद घिमिरेको भनाइ छ । त्यसैले उत्पादन बढाउन प्रवर्द्धनात्मक कार्यक्रम लागू गरिएको छ । मसिना तथा बास्नादार धान प्रवर्द्धन कार्यक्रमअन्तर्गत किसानलाई बीउ र कृषि प्रविधिमा अनुदान दिने गरिएको घिमिरेले बताए ।

# बर्खे धानको समर्थन मूल्य नपाएको किसानको गुनासो

चितवन । यहाँका किसानले बर्खे धानको समर्थन मूल्य नपाएको गुनासो गरेका छन् । बाग्मती प्रदेश सरकारले तोकेको मूल्य आफूहरूले नपाएको उनीहरूको गुनासो छ ।

प्रदेश सरकारले प्रतिक्विन्टल मोटा धानको न्यूनतम समर्थन मूल्य रु तीन हजार ४६३ र मध्यमको रु तीन हजार ६२८ प्रतिक्विन्टल तोकेको भए पनि यहाँका किसानले निर्धारित मूल्यअनुसार धान बिक्री नभएको बताएका छन् ।

माडी नगरपालिका-३ का किसान ओमप्रकाश महतो अहिले आफूहरुले प्रतिक्विन्टल मोटा धान रु दुई हजार ६०० र मध्यम धानको रु तीन हजार १०० मा बिक्री गर्नुपरेको गुनासो गरे ।

भरतपुर महानगरपालिका-९ शरदपुरका किसान वेदप्रकाश सापकोटा व्यवसायीले तोकेको मूल्यमा धान बिक्री गर्नुपर्ने बाध्यता रहेको बताए ।

आफ्नो गोदाम नहुँदा किसानले व्यापारीले भनेको मूल्यमा धानम बेच्नु परेको गुनासो सुनाउँदै भने-"मोटा धान रु तीन हजार र मध्यम धान रु तीन हजार ४०० मा बिक्री गर्नुपर्ने बाध्यता छ ।"

जिल्ला कृषि विकास कार्यालयका प्रमुख झलकनाथ कँडेल पनि किसानले समर्थन मूल्य नपाएका बताउँछन् । राज्यले तोकेको मूल्यमा व्यवसायीले धान खरिद गर्नुपर्नेमा उनले जोड दिए ।

चितवनमा २७ हजार ३२४ हेक्टरमा बर्खे धानखेती गरिएकामा एक लाख ३५ हजार ७२५ मेट्रिक टन उत्पादन भएको छ । बेमौसमी वर्षाका कारण १४९ मेट्रिक टन धानमा क्षति भएको छ ।

---

### ७ महिनामा...

भने पिकअप, ट्र्याक्टर र ठूला मात्रामा मोटरसाइकलमा तस्करी गर्ने समूहले त्रिलोकपुर, करौता र (मैनिहवा)भगवानपुर नाकाबाट काम गरिरहेका छन् । स्रोतकाअनुसार केही सुरक्षा निकायको संलग्नतामा ति तस्करीहरु भइरहेका छन् । नेपाल प्रहरीको नयाँ आइजिपी नियुक्त भएसँगै तस्करहरुको मनोबल बढेको पाइएको छ, केही समय फुटेका तस्करहरु अहिले संगठित हुनका लागि भैरहवाका होटलहरुमा तारम्तार मिटिङ गरिरहेका छन् ।

**राजस्व चुहावट, अवैध गतिविधि नियन्त्रण गर्न खटिए सशस्त्रका एसएसपी कर्णजित**

लुम्बिनी प्रदेशसँग जोडिएका मुख्य सिमानाकाबाट हुने राजस्व चुहावटलगायतका अवैध गतिविधि नियन्त्रण गर्न सशस्त्रका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) रविनराज कर्णजितलाई खटाइएको छ । सशस्त्र प्रहरी बल नेपालले बदलिँदो सुरक्षा चुनौती र राजस्व अभिवृद्धि गर्ने उद्देश्यले प्रस्तावित सीमा सुरक्षा गुल्म, डण्डा, रुपन्देही, प्रस्तावित सीमा सुरक्षा गुल्म, कृष्णनगर, कपिलवस्तु र प्रस्तावित सीमा सुरक्षा गुल्म, जमुनाह, बाँकेमा रहेर लुम्बिनी प्रदेशका अन्य सीमा नाकाको निगरानी गर्ने गरी उनलाई खटाइएको हो ।

सशस्त्र प्रहरी बल नेपालका बाहिनी मुख्यालयसँगको आवश्यक समन्वयमा उनले दैनिक तथा साप्ताहिक रूपमा आफूले सम्पादन गरेका कार्य सशस्त्र प्रहरी महानिरीक्षकको सचिवालयमा प्रतिवेदन बुझाउने गरी उनी यहाँ तैनाथ रहेका छन् ।

राजस्व चुहावट नियन्त्रण गर्ने र भारतसँगको खुल्ला सिमानाबाट हुने अवाञ्छित गतिविधि नियन्त्रण गर्ने उद्देश्यले भारतसँगको मुख्य सीमा नाकाहरु हेर्ने गरि एसएसपीले सम्बन्धित सीमा क्षेत्रमा खटेर राजश्व चुहावट, चोरी निकासी तथा पैठारी सम्बन्धी गैर कानुनी कार्यमा रोक लगाउनुका साथै सो कार्यमा संलग्न देखिएका व्यक्तिहरूलाई तत्काल कारबाहीको दायरामा ल्याइने छ ।

यस्तै सीमामा हुने अवैध चोरी तस्करी नियन्त्रणका लागि राष्ट्रिय अनुसन्धान, भैरहवा भन्सार कार्यालय, सबै सुरक्षा निकायका प्रतिनिधि, आन्तरिक राजस्व कार्यालयलगायतको संयुक्त गस्ती टोली पनि गठन भई निरन्तर निगरानी गर्नेछ । यस अघि भैरहवा भन्सारको नेतृत्वमा हुने गरेको संयुक्त गस्ती टोलीले पनि कामलाई निरन्तरता दिइने छ ।

**दुई हजार सुरक्षा जनशक्ति**

सीमा सुरक्षा र अवैध गतिविधि नियन्त्रण गर्न सशस्त्र प्रहरीको जिम्मेवारी छ, सशस्त्र प्रहरी बल नेपाल २७ नम्बर हेड क्वाटरले रुपन्देहीको लागि दर्जनबढि शसस्त्र प्रहरी बलको युनिटमा ७ सय छन् । गण, बर्डर आउट पोष्ट र गुल्म, सुरक्षा बेश, जिल्ला कमाण्ड पोस्ट सुख्खा बन्दरगाह र आइसीपी क्याम्प नौडिहवालगायतका सशस्त्र प्रहरीकै युनिटहरु रहेको छ, आवश्यकताअनुसार घुमुवा प्रहरी सादा पोसाकका छन् । सशस्त्रपछि नेपाल प्रहरीको पनि जिम्मेवारी अवैध बस्तुको ओसारपसर नियन्त्रणमा छ । जिल्ला प्रहरी कार्यालय प्रहरी उपरीक्षकको कमाण्डमा जिल्लामा कुल ६ दर्जन बढी प्रहरी युनिटमा १२ सय प्रहरी छन् । ठाउँ ठाउँमा अस्थायी चेकपोस्ट र मोबाइल टोली, तस्करी नियन्त्रण गर्न, अनुसन्धान र सुचनाहरु लिनका लागि भन्दै सादा पोसाकका प्रहरी पनि खटिने गरेका छन् । यसका अलावा राष्ट्रिय अनुसन्धान, संघीय प्रहरी कार्यालयलगायतका अन्य सुरक्षा संयन्त्र पनि छन् । सुरक्षा घेरा हुँदै गर्दा पनि तस्करका सामान निर्वाध भित्रिरहेका छन् । यसले सुरक्षा निकायमाथि नै चुनौती दिएको छ । रुपन्देहीमा करिब २ हजार सुरक्षाकर्मी परिचालित छन् ।

### सुदूरपश्चिमको...

यसअघि ब्याटिङ गरेको सुदूरपश्चिमले सात विकेटको क्षतिमा एक सय ९३ रनको योगफल तयार पारेको हो । पहिलो विकेटका लागि ओपनरद्वय जस ब्राउन र विनोद भण्डारीले १०.४ ओभरमा एक सय आठ रनको साझेदारी गरेका थिए ।

जस ब्राउनले ३५ बलमा चार चौका र पाँच छक्काको सहयोगमा ६८ रन बनाउँदा जिम्मी निसमको बलमा किरण ठगुन्नाको हातबाट क्याच आउट भए । अर्का ओपनर विनोद भण्डारी ४२ बलमा ६ चौका सहयोगमा ४३ रन बनाउँदा आकाश चन्दको बलमा कुशल भुर्तेलको हातबाट क्याच आउट नै हुन पुगे ।

१३ बलमा चार चौका र दुई छक्का सहयोगमा ३१ रन बनाउँदा क्रिस लिन जिम्मी निसमको बलमा अविशेक तिवारीको हातबाट क्याच आउट भए । कप्तान दीपेन्द्रसिंह ऐरी १५, स्कट कुग्लेजिन आठ र हरमित सिंहले चार रन बनाए ।

त्यस्तै, आरिफ शेख शून्यमा आउट भए । इसान पाण्डे ६ र नरेन साउँद चार रनमा अविजित रहे । पोखराका लागि जिम्मी निसमले तीन विकेट लिए । डान डाउथवेट र आकाश चन्दले दुई-दुई विकेट लिए । एनपीएलमा शनिबार दुई खेल हुँदैछन् । पहिलो खेलमा कर्णाली याक्स र लुम्बिनी लायन्स तथा दोस्रो खेलमा काठमाडौँ गोर्खाज र विराटनगर किंग्स भिड्नेछन् ।


## Bardaghat Municipality
## Office of the Municipal Executive
**Bardaghat, Nawalparasi (Ba. Su. West),**
**Lumbini Province, Nepal**

## INVITATION FOR BIDS (EBIDDING ONLY)

**Publication Date: 2025/11/21**

1. Bardaghat Municipality, Office of the Municipal Executive invites electronic bids from eligible bidders for the following work.

| S.N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount Without VAT & Contingencies | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | BAR/SQ/Works/04/082/083 | Bhanunagar Purba Jane Bato Starikaran, Bhanunagar Purba Sadakma Nali Nirman, Ward no. 8 | 45/75 days | 14,59,214.93 | 42,000 | 1,000 |
| 2 | BAR/NCB/Works/05/082/083 | Construction of Blacktop Road From Ward no. 14 Office Through Pavitrabasti up to the Pratappur Border, Bardaghat-14 | 90/120 days | 34,33,381.46 | 1,00,000 | 3,000 |

| | |
|---|---|
| **Account No. for bid document purchase fee:**<br>**Name of Bank:** NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>**Name of Office:** Bardaghat Municipality, Bardaghat<br>**Account Number (Antarik Rajaswo):**<br>0832050028211002 | **Account No. for bid security deposit:**<br>**Name of Bank:** NIC ASIA Bank Ltd., Bardaghat, Nawalparasi<br>**Name of Office:** Bardaghat Municipality, Bardaghat<br>**Account Number (Dharauti Khata):**<br>8341498482524004 |
| **Deadline of bid submission**<br>2025/12/07 till 12:00 Noon (SQ)<br>2025/12/21 till 12:00 Noon (NCB) | **Date and time of bid opening**<br>2025/12/07 at 1:30 PM (SQ)<br>2025/12/21 at 1:30 PM (NCB) |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Bardaghat Municipality, Bardaghat, Nawalparasi, Website: www.bardaghatmun.gov.np, PPMO website: www.bolpatra.gov.np/egp Email Id: bardaghatmunicipality@gmail.com , Tel: 078-580210, 078-580407. Please notice that amendments (if any) will be published in www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**



## कावासोती नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**शिवमन्दिर, नवलपरासी बर्दघाट सुस्ता पूर्व)**
**गण्डकी प्रदेश, नेपाल**

## सङ्गीत शिक्षकको लागि दरखास्त आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः- २०८२/०८/०५ )

यस कावासोती नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा सङ्गीत शिक्षक छनौटको लागि योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र देहायका आवश्यक कागजातहरु निवेदक स्वयंले प्रमाणित गरी यस पालिकामा रितपूर्वकको दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | आवश्यक (माग) संख्या | आवेदन दस्तुर |
|---|---|---|---|---|
| १ | ४/०८२/८३ | सङ्गीत शिक्षक | २ (दुई) | १०००/- |

**१. दरखास्त दिने अन्तिम मितिः– २०८२/०८/१९**

**२. आवश्यक न्यूनतम योग्यताः–**

क) नेपाली नागरिक
ख) एक्काइस बर्ष उमेर पूरा भएको
ग)कम्तिमा १० कक्षा पास भएको
घ) प्रचलित कानूनले अयोग्य नभएको ।

**३. छनौटका आधारहरुः**

क) न्यूनतम शैक्षिक योग्यता
ख) माथिल्लो शैक्षिक योग्यता
ग) बासिन्दाको आधार
घ) अन्तरवार्ता
ङ) सङ्गीत र बाद्यबाधनमा कार्य अनुभव
च) सङ्गीत र बाद्यबाधनमा सीप परीक्षण
छ) सामान्य लिखित परीक्षा
ज) आवेदनका साथ पेश गर्नुपर्ने अन्य कागजातहरुः व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, नेपाली नागरिकताको प्रमाणिति प्रतिलिपी, अनुभव तथा तालिमको प्रमाणित प्रतिलिपी, दरखास्त दस्तुर बुझाएको नगदी रसिद र २ प्रति पासपोर्ट साईजको फोटो ।
झ) पारिश्रमिक तथा सुविधा :- निम्न माध्यमिक तह तृतीय श्रेणीको सुरु स्केल बराबरको मासिक तलव ।
ञ) परीक्षा मिति पछि प्रकाशन गरिने छ ।

**सङ्गीत शिक्षक छनौटका आधारहरु**

१. **शैक्षिक योग्यता– ५**
i. न्युनतम शैक्षिक योग्यता-३
➢ प्रथम श्रेणी - ३ ➢ द्वितीय श्रेणी - २ ➢ तृतीय श्रेणी - १
II. **माथिल्लो शैक्षिक योग्यता–२**
➢ प्रथम श्रेणी - २ ➢ द्वितीय- १ ➢ तृतीय - १
२. सामान्य लिखित परीक्षा- २०
➢ अति छोटा प्रश्न ४ वटा(४ अंक) ➢ छोटा प्रश्न ४ वटा (८ अंक) ➢ लामो प्रश्न २ वटा (८ अंक)
३. सीप परीक्षण :- ४०
i. **मादल बाद्यवादन सीप परीक्षण– २०**
➢ झ्याउरे ताल-७ ➢ कहरुवा (भजन) ताल -७ ➢ ख्याली ताल-३ ➢ रुपक वा दिपचण्डी - ३
ii. **हार्मोनियम वाद्यवादन सीप परीक्षण – २०**
➢ सरगम - ४ ➢ स्वर (सुर) - ७ ➢ कर्डस - ४ ➢ राग- ३
➢ थाट - १ ➢ श्वर लिपी - १
४. **कावासोती नगर स्थायी वासिन्दा – ५**
५. **अन्तर्वार्ता– २०**
➢ व्यक्तित्व - ४ ➢ प्रस्तुति र शैली - ४ ➢ शिक्षण कौशलता- ६ ➢ विषयवस्तुको ज्ञान- ६
६. **अनुभव (प्रमाणपत्रको आधारमा) – १०**
➢ अनुभव वापत वर्षको १ अंक - वढीमा १० अंक

**पुनश्चः दरखास्त फारम नगरपालिकाको Website www.kawasotimun.gov.np मा उपलब्ध छ । कावासोती नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा सङ्गीत शिक्षक छनौटका आधारहरु यसै साथ संलग्न छ । अन्य जानकारीको लागि कावासोती नगरपालिकाको प्रशासन शाखामा सम्पर्क गर्नुहोला ।**

**हेमचन्द्र पौडेल**
**नि.प्रमुख प्रशासकीय अधिकृत**



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# माछाको नश्ल सुधारार्थ नन्द भाउजु तालमा भुरा छाडियो

भैरहवा । जलीय जैविक विविधताको प्रवर्धन, खाद्य तथा पोषण सुरक्षामा सम्वर्द्धन भन्ने नाराका विश्व मत्स्य दिवस मनाइएको छ ।

दिवसको सन्दर्भ पारेर माछाको नश्ल सुधारार्थ स्थानीय जातका माछाको संख्या बढाउने उद्देश्यले प्राकृतिक जलस्रोत नन्द भाउजु तालमा १५ हजार बढी विभिन्न जातका माछाका भुरा छाडिएको हो । स्थानीय माछा प्राकृतिक जलाशयहरुमा घट्ने क्रममा रहेकोले जलीय विविधताको संरक्षण गर्न पोखरीमा विभिन्न प्रजातिका माछा छोडिएको मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्धन स्रोत केन्द्रका प्रमुख महेशचन्द गुप्ताले बताए ।

विश्वव्यापी रुपमा सन् १९९७ देखि विश्व मत्सय दिवस मनाइँदै आएको छ । मानवीय क्रियाकलापले जलवायु प्रदूषणभई विविधतामै चोट पुगेकोले सचेतना फैलाउने प्रयासका लागि यस वर्ष रुपन्देहीका भेटेनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र भैरहवा, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन इकाई रुपन्देही, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्धन स्रोत केन्द्र भैरहवाको संयुक्त आयोजनामा बाउन्नकोटी सामुदायिक बन भित्र रहेको पोखरीमा भुरा राखि विश्व मत्स्य दिवस मनाइएको हो ।

दिन प्रतिदिन नदी नालाको पानी दुषित हुँदै जादा भएको स्थानीय माछाको घनत्व घटेर लोप हुँदै गइरहेको अवस्था छ । सिँचाइ र हाइड्रो पावरका लागि बनाइएको बाध कलकारखानाहरुबाट निस्केका दुषित पानी, नदी उत्खननले माछाहरुको अण्डा र प्रजनन् गर्ने स्थान नष्ट हुनु र माछाहरु मर्ने भएकोले माछाको संख्या घट्ने भएकोले सो क्रममलाई व्यालेन्स गर्नका लागि पनि विगतका वर्षहरु जस्तै यस वर्ष पनि माछाका भुरा छोडिएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमका अधिकृत शोभाखर पाण्डेले बताए ।

विष विष्फोटक पदार्थ विद्युतीय तरिकाबाट माछा मार्ने परिपाटी विकासले स्थानीय माछा लोप हुँदै गएका छन् । त्यसलाई कम गर्न र निरुत्साहित गर्न विभिन्न सचेतना कार्यक्रम गर्न जरुरी रहेको उनले बताए । नेपाल माछाको उत्पादनको अवस्थामा आत्मनिर्भरतर्फ उन्मुख छ, भारतीय अखाद्य र कम गुणस्तरको माछा भित्रिने क्रम घट्दै, अहिले जिउँदो माछा नै उपभोक्ताको प्राथमिकतामा पर्दै आएकोले भारततर्फ जाने क्रम पनि बढ्दो रहेको छ ।

प्राकृतिक जलाशयमा विभिन्न मानवीय गतिविधिले स्थानीय जातका माछा नष्ट हुँदै गएका छन्, त्यसको संरक्षण र प्रवर्धन गर्न उन्नत जातका र स्थानीय जातका माछाका भुरा प्राकृतिक जलाशयमा हालेर सुदृणीकरणको अभियानमा लाग्नु पर्छ । जलाशयमा प्रदूषण, तालको क्षेत्रफल घट्दै जानु र अवैध माछा मार्नाले स्वदेशी माछा लोप हुँदै गएकोले अत्याधुनिक प्रविधिको प्रयोग गर्दै उत्पादनलाई अझै बढाउँदै लैजानु पर्ने उनले बताए ।

जिल्ला मत्स्य व्यवसायी संघ रुपन्देहीका अध्यक्ष दिवाकर भुसालले हरेक वर्ष जिल्लाका विभिन्न प्राकृतिक जलस्रोतहरुमा भुराहरु छाडिंदै आएता पनि व्यवसायिक रुपमा माछाको लागि पानी अति आवश्यक रहेकोले त्यसको सहजताका लागि सरकारले कृषि सरहको सुविधा दिनुपर्ने बताए । कृषक भए पनि उद्योग सरहको शुल्क तिर्नुपर्ने बाध्यता रहेकोले अनुदानको व्यवस्था राख्नुपर्ने उनले जनाए ।

बाउन्नकोटी सामुदायिक वन उपभोक्ता समितिका सचिव शशिकला गुरुङले पर्यटकीय गनतव्यका लागि यस क्षेत्रको प्रसिद्ध पोखरीको सौन्दर्यीकरणमा समिति लागेकोले यो कार्यले थप टेवा पुगेको बताउँदै माछाको संरक्षण र रेखदेखमा समिति लाग्ने बताइन ।

नेपाल मत्स्य व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष विन्दुलाल श्रेष्ठले किसानहरुलाई व्यवस्थित गर्दै उत्पादनदेखि उपभोक्तासम्म सहज, स्वच्छ र गुणस्तरीय उपभोग गर्न पाउने वातवारण हुनुपर्ने बताए ।

पक्लिहवा कृषि क्याम्पसका प्रमुख जन्मजय गैह्रेले मत्स्य विकासबाट सामाजिक रुपान्तरण र आर्थिक विकासमा टेवा पुग्ने जनाए । यो क्षेत्र माछाको उर्वरभूमि रहेकोले माछाको आयात रोकि निर्यातको काम सुरु भएको छ, उत्पादमात्र नभई खाद्य सुरक्षाका लागि र उद्यमीहरुले भोगेको समस्यामा सरकारले सहयोग गरी हौसला बढाउन जरुरी रहेको उनले बताए ।

गहुबाली अनुसन्धान कार्यक्रमका प्रमुख रोशन बस्नेतले माछा निर्यातलाई प्रवर्धन हुने काम गरी प्रतिकुल वातावरण, रोग व्याधीबाट शुद्ध नश्लका लागि चुनौती थपिएकोले खाद्य र पोषक सुरक्षामा ध्यान दिनुपर्ने जनाए ।

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा निमित्त महानिर्देशक श्रवणकुमार चौधरीले ओभर फिसिङ्ग गर्दा विचार नपुऱ्याएकोले नदी नाला तथा प्राकृतिक जलस्रोतमा स्थानीय जातको माछा लोप हुने हुँदा सबैमा जनचेतना जगाउन जरुरी रहेको बताए । उनले परम्परागत रुपमा समात्ने मात्रै गर्ने संरक्षण र सम्बर्द्धन नगर्दा समस्या सृजना हुने, उपभोक्ताको चाहनाअनुसार उत्पादन गर्ने, व्यवसायिक रुपमा माछा पालन गर्दा कृषि सरहको सेवा दिनुपर्ने, गुणस्तरीय प्रतिस्पार्धा गर्नुपर्ने र प्राकृतिक जलस्रोत संरक्षण गर्न सबै सरोकारवाला निकायले उजागर गरे दिवसको औचित्य रहने बताए ।

# एमबीबीएस र इञ्जिनियरिङमा पूर्ण छात्रवृत्ति पाएका विद्यार्थीलाई मणिमुकुन्दको सम्मान



बुटवल । बुटवल योगीकुटीको मणिमुकुन्द कलेजका कक्षा ११ का विद्यार्थीहरुलाई सोही कलेजका कक्षा १२ का विद्यार्थीले स्वागत गरेका छन् । मणिग्रामको ड्रिमल्याण्ड रिसोर्टमा शुक्रबार भएको कार्यक्रममा कक्षा ११ को विज्ञान र व्यवस्थापन संकायमा भर्ना भएका विद्यार्थीहरुलाई स्वागत गरिएको हो । कार्यक्रममा कलेज व्यवस्थापन समिति अध्यक्ष गमप्रसाद रेश्मीले संस्थाले विद्यार्थीलाई गुणस्तरीय शिक्षा प्रदान गर्न संस्थाको सम्पूर्ण ध्यान केन्द्रित गरेको बताए ।

कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीले संस्थाले विद्यार्थीलाई पढाइसंगै अनुशासित र संस्कारयुक्त बनाउन जोड दिएको बताए । २०५६ सालमा स्थापना भएर निरन्तर उत्कृष्ट नतिजा ल्याउँदै आएको संस्थाले हरेक वर्ष उच्च शिक्षा अध्ययनमा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल विद्यार्थीहरु उत्पादन गरिरहेको उनले जनाए । उकृष्ट नतिजाका लागि कलेजका प्राध्यापक, विद्यार्थी र अभिभावक सबैको मिहिनेत र लगनशीलता हुनुपर्ने प्राचार्य क्षेत्रीले बताए । कार्यक्रममा एमबीबीएस र इञ्जिनियरिङमा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल नेपाल टपर र लुम्बिनी प्रदेश टपरसहित १२ जना विद्यार्थी, उनीहरुका अभिभावकलाई सम्मान गरिएको थियो ।

यस्तै कलेजले लिने त्रैमासिक परीक्षामा उत्कृष्ट अंक ल्याएका छात्र-छात्रालाई नगद सहित पुरस्कृत गरिएको थियो । सम्मानित हुनेहरुमा पब्लिक हेल्थ र बी फार्मामा नेपाल टपर तथा एमबीबीएसमा समेत पूर्ण छात्रवृत्ति पाएका मयुश दहाल, यस्तै एमबीबीएसको छात्रवृत्तिमा लुम्बिनी प्रदेश टपर सुसन कंडेल, बीभीएस्सीमा नेपाल टपर रमेश भण्डारी, एमबीबीएसकै गणेश चौधरी,सज्जय खराल, नीट इण्डियामा एमबीबीएस पढ्न पूर्ण छात्रवृत्तिमै नाम निकालेका दुर्गेशकुमार चौधरीलाई कलेजले सम्मान गरेको छ ।

यस्तै बीएस्सी एमएलटीमा पूर्ण छात्रवृत्ति पाएका सुश्रिता अधिकारी र उमा अग्रहरि, ब्याचलर अफ आयुर्वेदिक मेडिसिन एण्ड सर्जरीमा पूर्ण छात्रवृत्ति पाएकी आयुशा मरासिनी, बी फार्मामा पूर्ण छात्रवृत्ति पाएका शिवगोपाल बढई र हेमन्त शर्मा तथा आईओईमा पूर्ण छात्रवृत्ति पाएकी दर्शना गाहा मगरलाई पनि कलेजले सम्मान गरेको छ ।

उनीहरुलाई कलेजका अध्यक्ष रेश्मी,प्राचार्य क्षेत्री, संस्थाका सञ्चालक उमापति न्यौपाने, संस्थाका व्यवस्थापन संकाय संयोजक पशुपति चौधरी,विज्ञान संकाय संयोजक लक्ष्मण गैरे, बीबीएस संयोजक दिनेश पाण्डेलगायतले सम्मान गर्दै उच्च शिक्षामा पनि उत्कृष्ट नतिजासहित सफलताको कामना गरेका थिए । कार्यक्रममा विद्यार्थीहरुले गीत र नृत्यमार्फत् सहभागीलाई मनोरञ्जन दिलाएका थिए ।

कार्यक्रममा कक्षा १२ का सिर्जन ढकालले अध्यक्षता, भुवन न्यौपानेले स्वागत मन्तव्य तथा अंशु भट्टराई, अश्लेश फौदार, आयुश कार्की र आरुशी कार्कीले कार्यक्रम सञ्चालन गरेका थिए ।

# तिलोत्तमालाई महिलामैत्री बनाउन सम्झौता



बुटवल । रुपन्देहीको तिलोत्तमा नगरपालिकालाई महिलामैत्री, सुरक्षित र समावेशी सहरका रूपमा विकास गर्न सम्झौता गरिएको छ ।

तिलोत्तमा नगरपालिका, फिनल्यान्ड सरकारको सहयोगमा युनोप्सका प्रतिनिधिहरू तथा नगरपालिकाका नगरप्रमुख, उप-प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबिच समावेशी सोंच, स्थानीय सहभागिता र महिला-अनुकूल पूर्वाधार विकासका लागि शुक्रबार सम्झौता भएको हो ।

साझेदारीमा तीन वर्षे परियोजनाअन्तर्गत नगरको वडा नम्बर ४ सीमा नगर र वडा नम्बर ९ मङ्गलापुरमा पूर्वाधार निर्माण गरिनेछ । सबैका लागि उपयुक्त सहर बनाउने उद्देश्यका साथ स्थानीय समुदाय, जनप्रतिनिधि, योजना विज्ञ, महिला समूह, युवा तथा सरोकारवाला निकायहरूको सक्रिय सहभागितामा निर्माण गरिने सार्वजनिक पूर्वाधारहरूको प्रारम्भिक डिजाइन यसअघि नै तयार भइसकेको जनाएको छ ।

नगरप्रमुख रामकृष्ण खाँणले तिलोत्तमा नगरपालिकाले केवल संरचना मात्रै नभई सहजता, समानता र समावेशिताको आधार निर्माण गरिरहेको बताए ।

उनले समावेशी योजना र स्थानीय सहभागिता नै नगर विकासको मेरुदण्ड भएको धारणा व्यक्त गरेका छन् । नगर उप-प्रमुख जगेश्वर देवी चौधरीले तिलोत्तमा नगरपालिकालाई साँचो अर्थमा महिलामैत्री, समावेशी र सुरक्षित सहर बनाउने लक्ष्य पूरा गर्ने गरी औपचारिक सम्झौता गरिएको बताइन् ।

प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले प्राविधिक, जलवायु र स्थानगत पक्षलाई ध्यानमा राखेर पूर्वाधारहरू निर्माण गरिने तथा परियोजनामा नगरपालिकाको ३० प्रतिशत लगानी रहने जानकारी दिए ।

युनोप्सका मनीषा कार्कीले सह-डिजाइन अभ्यासबाट सङ्कलित विचार र डिजाइन अवधारणाहरूलाई परिमार्जन, परीक्षण र पुनरावलोकन गरी कार्यान्वयनमा लैजाने तयारी गरिएको बताइन् । परियोजनाका लागि तीन वर्षे कार्यान्वयन अवधि तोकिएको छ । पहिलो चरण सफल भएमा अन्य वडाहरूमा समेत यो परियोजना विस्तार गरिने युनोप्स र नगरपालिकाले जनाएका छन् ।

# कृषक न्यौपानेले देखाए स्वदेशमै आम्दानीको मार्ग



**अविजित पन्थी**
*अर्घाखाँची*

बिहानको हल्का चिसो हावामा गाउँलेहरू बेसीतर्फ झरिरहेका हुन्छन् । बच्चाहरू खेल्दै रमाइरहेका थिए, र गाई-भैंसीका आवाजले बस्ती जीवन्त बनाइरहेको थियो । सानो बगैंचामा गुलाफ, मरीगोल्ड र विभिन्न किसिमका फूलहरू फूलेका थिए । त्यही दृश्यले स्थानीयहरूको ध्यान खिचिरहेको थियो–"कसरी यति सुन्दर उत्पादन सम्भव भयो होला ?" भन्दै अरूले चकित भएर हेरेका थिए ।

यस्तै दृश्य अवलोकन गर्ने अवसर प्रदान गर्नको लागि पौरखी गरिरहेका हुन्छन्, एकजना कृषक सोही गाउँका युवा कृषक, जसले घरपरिवारको साथ लिएर आधुनिक कृषि अपनाउँदै स्वदेशमै आम्दानीको मार्ग खोजिरहेका छन् । खेती उनीहरूको पेशा मात्र होइन, जीवनशैली र परिवारको गर्व पनि हो ।

त्यहीं पौरखी युवा कृषक हुन्, पाणिनी गाउँपालिका वडा नम्बर ७ अड्गुरीका २८ वर्षीय सुदन न्यौपाने । बढ्दो वैदेशिक पलायनका बिचमा गाउँमै बसेर आफ्नै मेहनत र लगनले कृषि पेशाबाट पाँच लाख रुपैयाँभन्दा बढी आम्दानी गर्दै आएका उनी यहाँका युवा कृषकको प्रेरणास्रोत बनेका छन् । न्यौपानेले सुरुमा परम्परागत तरकारी खेतीबाट आफ्नो कृषि जीवन सुरु गरेका थिए । प्रारम्भिक वर्षमा उत्पादन, बजार व्यवस्थापन र आधुनिक प्रविधि अपनाउन चुनौतीको सामना गर्नु परेको उनी बताउँछन् । तर अनुभव र परिश्रमसँगै उनले टनेल खेती, प्लास्टिक हाउस, सिँचाइ व्यवस्थापन र प्राङ्गारिक मल प्रयोग गर्दै उत्पादन विस्तार गर्न सफल भएका छन् । उनका अनुसार आधुनिक विधि अपनाएपछि उत्पादनमा वृद्धि भएको छ भने बजारसम्म पहुँच सजिलो भएको छ ।

न्यौपानेले आफ्नो बारीमा आलु, टमाटर, गोपी, सिमी, मुला, काउलीलगायतका मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्दै आएका छन् । यी तरकारीहरू स्थानीय बजारसँगै सुपा देउराली, घुम्टी हुँदै बुटवलसम्म पुग्ने गर्दछ । प्रारम्भिक वर्षहरूमा मौसम, कीरा र मूल्य अस्थिरताका कारण केही चुनौती आएको भए पनि, अहिले स्थानीय तहको प्राविधिक सहयोग, सरकारी तालिम र अनुदानका कारण उत्पादन र बजार दुवैमा स्थिरता आएको उनी बताउँछन् ।

सुदन न्यौपानेले पुष्प खेतीलाई विशेष प्राथमिकताका साथ अघि बढाएका छन् । गुलाब, मरीगोल्ड, सयपत्री, मखमलीलगायतका पुष्पका बिरुवाहरूलाई सिजनअनुसार उत्पादन गरी बजारमा पठाउने गर्छन् । पुष्प व्यवसायबाट वार्षिक करिब एक लाख रुपैयाँ आम्दानी भएको उनी बताउँछन् । चाडबाडको समय दसैं तिहारसँगै मङ्सिरमा फूलको माग अत्याधिक हुने भएकाले उत्पादन र बिक्री दुवैमा लाभ थप हुने उनी बताउँछन् । साथै, केही वर्षदेखि निरन्तर अखबरे खुर्सानीको खेती गर्दै आएका उनी यसबाट पनि राम्रो आम्दानी गर्दै आएका छन् । सुदनका अनुसार अखबरे खुर्सानीको माग व्यापक छ र राम्रो उत्पादन हुँदा बजारमा सहजता हुन्छ । यसको बिक्रीले खेतीको लागत सजिलै निकालेको छ ।

सुदनले आफ्नै बगैंचामा ८०-९० बोट सुन्तला रोपेका छन् । ती बोटहरूले अहिले उत्पादन दिन थालेका छन् । सुन्तला, आँप, कफी, केराजस्ता फलफूल उत्पादनको माध्यमबाट दीर्घकालीन आम्दानीको आधार तयार पारेका उनी भन्छन्- "फलफूल खेतीमा लगानी केही वर्षपछिसम्म फल दिने भएकाले दीर्घकालीन सोच आवश्यक छ । यसबाट स्थिर आम्दानी सुनिश्चित हुन्छ ।"

सुदनको परिवारले पनि उनको प्रयासमा महत्वपूर्ण भूमिका खेलेको छन् । आमाले बाल्यकालदेखि खेतीमा लगानी र मेहनत सिकाइरहँदा, अहिले पनि उनी सधैं साथ र प्रेरणा दिइरहन्छिन् । श्रीमतीले खेतीपाती, उत्पादन व्यवस्थापन र बजार व्यवस्थापनमा हातेमालो गरेकाले उनी अझै उत्साहित र समर्पित भएर काम गरिरहेका छन् । न्यौपानेले परिवारको साथलाई आफ्नो सफलता र आत्मविश्वासको आधार भनेका छन् । उनी थप्छन्-"अरुको देशमा लाख होइन, जन्मभूमि र घरपरिवारको काख हजारौं गुना मेरो खुशिको प्रमुख कारक बनेको छ ।"

पाणिनी गाउँपालिका वडा नं.-७ का वडाध्यक्ष गुनाखर अधिकारीले न्यौपानेजस्ता कृषक गाउँको पहिचान उकास्ने उदाहरण भएको बताए । उनका अनुसार हाम्रो वडामा न्यौपानेजस्ता युवा कृषकले आधुनिक प्रविधि अपनाएर कृषि पेशामा आबद्ध हुन आवश्यक छ । यसले कृषक र युवा पुस्तालाई पनि प्रेरणा दिनेछ । वडा तहले कृषि सामग्री, तालिम र प्राविधिक सहयोग बढाएर यसरी अघि बढ्ने कृषकलाई प्रोत्साहन दिइरहने जनाए ।

सुदनले आफ्नो सफलताको यात्रामा चुनौतीहरू पनि अनुभव गरेका छन् । मौसम परिवर्तन, बजारमा मूल्य अस्थिरता, कीरा र रोगको असर, जस्ता समस्या आउँदा पनि उनी कहिल्लै पछाडि फर्केका छैनन् । "कृषि भनेको निरन्तर सिकाइ हो । गल्ती भए पनि अर्को वर्ष सुधार्नुपर्छ ।"- उनी भन्छन् । उनी खेतीलाई मात्र आम्दानीको माध्यम नभई जीवनशैलीको रूपमा हेर्छन् ।

उनको सफलताले गाउँका अन्य युवा तथा स्थानीय बासिन्दाहरूलाई पनि प्रेरित गरेको छ । विदेश जाने प्रवृत्ति बढ्दा पनि न्यौपानेले देखाएको उदाहरणले देखाउँछ–घरमै बसेर मेहनत र लगनले जीवनस्तर उकास्न सकिन्छ । स्थानीय युवा र कृषकहरूले उनको बगैंचा र टनेल हेरेर आधुनिक खेतीका बारेमा थप जानकारी खोजिरहेका छन् ।

सुदन आगामी वर्षमा पुष्प खेती विस्तार गर्ने, नयाँ प्लास्टिक हाउस स्थापना गर्ने, मौरीपालन सुरु गर्ने र कृषि पेशालाई व्यापक रूपमा विस्तार गरी युवा कृषकलाई तालिम र रोजगारीको अवसर सिर्जना गर्ने योजना बनाएका छन् । उनका अनुसार, "अबको लक्ष्य केवल आम्दानी मात्रै होइन, गाउँको समग्र कृषि विकासमा योगदान पुऱ्याउने र अरू युवालाई पनि अघि बढ्न प्रेरित गर्ने हो ।"

न्यौपानेको कथा आधुनिक कृषि, परिवारको सहयोग, मेहनत र स्थानीय सरकारको सहयोगको उदाहरण बनेको छ । पाणिनी-७ का स्थानीयवासी र वडा अध्यक्षका अनुसार उनका प्रयासले अन्य कृषक र युवाहरूलाई मार्गदर्शन दिएको छ । स्वदेशमै बसेर मेहनत र लगनले सफल भएको न्यौपानेको अनुभवले गाउँमै कृषि पेशा आकर्षक र सम्भाव्य छ भन्ने प्रमाण प्रस्तुत गरेको छ ।









सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com